## ग.अवशर

१. गाउँपालिकालाई मध्यपहाडि राजमार्गले छोएकोले बिभिन्न आयआर्जनका कृयाकलाप गर्न सक्ने अवशर रहेको ।
२. विभिन्न जातजाती, समुदाय बीच सामाजिक र सास्कृतिक विविधता रहेकोले सामाजिक समाबेशीकरण व्यवहारमा लागु गर्ने  उपयुक्त वातावरण रहेको ।
३. आवश्यक पर्ने कानून नीति नीयम बनाउन सक्ने दक्ष जनशक्ति गाउँपालिकामा उपलव्ध हुनु ।
४. गाउँपालिकामा विभिन्न गैह्रसरकारी संघसंस्थाहरु कार्यरत रहनु ।
५. गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा युवाको वाहुल्यता रहेकोले युवा जोस र जाँगरलाई गाउँपालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सकिने अवशर रहेको ।
६. बिद्यमान सरकारी विद्यालयहरुमा शैक्षिक तथा अन्य कार्यक्रमहरु समावेश गरी विद्यार्थीहरुको आकर्षण वढाउन सकिने संभावना रहेको ।
७. सुफत मूल्यका सहकारी पसलहरु स्थापना र संचालनमा ल्याई महिला तथा लक्षित वर्गलाई प्रत्यक्ष राहात दिन सकिने संभावना रहेको ।
८. किसान सम्मान अभिनन्दन पुरस्कार आदी कार्यक्रम नियमित रुपमा (किसान र कृषि प्रवर्द्धन) गर्न सकिने संभावना रहेको ।
९. कृषि तथा नैतिक शिक्षा जस्ता व्यवाहारिक विषयहरु विद्यालयमा पठन पाठन हुनु ।
१०. गाउँपालिकामा रहेका प्रर्याप्त र यूवा जनशक्ति परिचालन गर्न सक्ने अवशर हुनु ।
११. गाउँपालिकाका पदाधिकारीहरु शिक्षित हुनु ।
१२. अन्तराष्ट्रिय प्रतिवद्धता तथा महासन्धीहरुका वारेमा जनप्रतिनिधिहरु जानकार हुनु ।
१३. लैससास मैत्रि संघीय र प्रदेश कानूनहरु उपलब्ध हुनु ।
१४. प्राकृतिक श्रोतसाधनको सदुपयोग गरि लैससासको प्रबर्धन गर्न सकिने संभावना रहको ।

## घ.चुनौतीहरु

१. समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु (जातीगत छूवाछूत, बोक्सी, घरेलु हिंसा, बालबिबाह, बालश्रम) को अन्त्यका लागि आबश्यक कार्यहरु सञ्चालन गर्न कठिन हुनु ।
२. छुवाछूत, लैङ्गिक विभेद, पुत्रमोह जस्ता परम्परागत कुमान्यता विरुद्धका नीति नियम कार्यविधिहरको कार्यान्वयनमा जटिलता ।
३. मागमा आधारित बास्तविक योजनाहरुको छनौट, प्राथमिकिकरण र कार्यान्वनयमा कठिन हुनु ।
४. गरिबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीबी मापनका सुचकहरु निर्माण र कार्यान्वयन गर्न कठिन हुनु ।
५. विशेष गरि महिलाद्वारा सम्पादित घरभित्रको कामको मूंल्याङ्कन गर्ने पद्धति नहुनु र महिलाको श्रम र योगदानको कदर नहुनु ।
६. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी निर्माण भएका ऐन, नियम, कानून र कार्यविधिहरुको  कार्यान्वयन गर्न कठिन हुनु ।

